## बकैया गाउँकार्यपालिकाको मिति २०७६।१।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।

यस गाउँपालिकाले मिति २०७५।९।३० को सूचना मार्फत बोलपत्र आव्हान गरेको वडा नम्बर १, ६, ८, १०, ११ र १२ का वडा कार्यालय भवन निर्माण सम्बन्धी बोलपत्र प्रकृयाको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडा कार्यालयको च नं १७१२, मिति २०७५।११।७ को पत्रबाट सो टेन्डर प्रकृयाको सम्बन्धमा उजुरी परेको भनि पत्राचार भएको, उक्त पत्रको जवाफ आयोगलाई गाउँपालिकाको च नं १२१३, मिति २०७५।११।१० को पत्रबाट उपलब्ध गराइएको तर हालसम्म सो उजुरीको किनारा लाग्न नसक्दा गाउँपालिकाको वडा कार्यालय भवन जस्तो संवेदनशिल विषय अन्यौलमा पर्न गएकोले उक्त बोलपत्र प्रकृया रद्द गरी उपभोक्ता समिति मार्फत उक्त कार्य अघि बढाउने गरी मिति २०७६।०१।०८ गतेको बैठकबाट निर्णय गरिएकोमा उक्त वडा कार्यालय भवन निर्माणको लागि उपभोक्ता समिति गठन गरी बैशाख मसान्तसम्ममा योजना संझौता गरिसक्ने निर्णय गरियो ।

### २. विद्यार्थी भर्ना सम्बन्धमा ।

यस गाउँपालिका अन्तर्गत कोही पनि बालबालिका विद्यालयभन्दा टाढा नरहुन भनेर सञ्चालित भर्ना अभियान लाई जारी राख्दै सो को लागि गाउँपालिका स्तरबाट प्रभावकारी रुपमा अनुगमन गर्ने निर्णय गरियो ।

### ३. विद्युत विस्तार सम्बन्धमा ।

विद्युत विस्तार सम्बन्धमा छलफल गर्दा तपशिलका वडाहरुमा तपशिलका रकम विद्युत प्राधिकरणसंग म्याचिङ गरी बाँकी वडाको विद्युत शिर्षकमा विनियोजन भएको रकम उपभोक्ता समिति निर्माण गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

तपशिल

| वडा नं | रकम रु |
|---|---|
| १ | २०,००,००० |
| २ | २०,००,००० |
| ६ | २०,००,००० |
| १० | २०,००,००० |
| ११ | ४०,००,००० |
| १२ | ३०,००,००० |

### ४. बालमैत्री कार्यक्रम सञ्चालन सम्बन्धमा ।

बालमैत्री कार्यक्रम सञ्चालन सम्बन्धमा छलफल गर्दा बालबालिकासंग सम्बन्धित कार्यक्रमहरु सञ्चालनका लागि एकजना फोकल व्यक्ति नियुक्ती गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीढुंङ, मकवानपुर ३ नं. प्रदेश, नेपाल

**५. गाउँसभा सञ्चालन सम्बन्धमा ।**

मिति २०७६।०१।०८ गतेको बैठकले मिति २०७६।०१।२१ गते गाउँसभा सञ्चालन गर्ने निर्णय गरेकोमा मिति २०७६।०१।२६ गते बिहीबार सञ्चालन गर्ने निर्णय गरियो ।

**६. बजेट रकमान्तर सम्बन्धमा ।**

प्रस्तुत प्रस्तावमा छलफल गर्दा यस आर्थिक वर्षमा हालसम्म पनि कार्यान्वयन हुन नसकेको तथा आगामी दिनमा समेत कार्यान्वयमा आउने सम्भावना नभएका तपशिलका योजना शिर्षक र रकमका योजनाहरुलाई अन्य योजना कार्यान्वयनार्थ कटौति गर्ने तथा नयाँ योजना सञ्चालनको लागि आगामी कार्यपालिका बैठकबाट निर्णय गरी मिति २०७६ बैशाख २६ गते विहिबार सञ्चालन हुने गाउँसभाबाट पारित गर्ने निर्णय गरियो ।

**कटौती हुने योजनाहरु**

| क्रसं | योजनाको नाम | | रकम |
|---|---|---|---|
| १ | गाउँपालिका र वडा भवन निर्माण | | १६२००००० |
| २ | नापी सर्वेक्षाण कार्यक्रम | | ४०००००० |
| ३ | समपुरक कोष अन्तर्गत संचालन हुने आयोजनाहरु | | ११६१७००० |
| ४ | बालगृह निर्माण | | १०००००० |
| | जम्मा | | ३२८१७००० |
| ५ | कृषि कार्यक्रम अन्तर्गत | | |
| | क. ५० प्रतिशत अनुदानमा प्लास्टिक टनेल वितरण | ९३०००० | |
| | ख. कोदो चुट्ने थ्रेसर | १५००० | |
| | ग. ५० प्रतिशत अनुदानमा कृषि औजार वितरण | १८००० | |
| | घ. ५० प्रतिशत अनुदानमा अन्न भण्डारको लागि मेटल विन तथा Psc Bag | ५०००० | |
| | ङ. पकेट विकास कार्यक्रम | १५००००० | |
| | च. च्याउ खेतीका लागी बिउ सहित घर निर्माण | १५०००० | |
| | छ. सितके च्याउ खेती | ६०००० | |
| | ज. ५० प्रतिशत अनुदानमा किवि विरुवा वितरण ढुवानी सहित | १५०००० | |
| | झ. प्याज लसुन उत्पादन कार्यक्रम | २०००० | |
| | कृषि कार्यक्रम तर्फको जम्मा | | २८९३००० |

बकैया गाउँपालिका मकवानपुर

... खनाल

| | | | |
|---|---|---|---|
| | जम्मा | | ३५७१०००० |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश

७. संघ संस्था सम्बन्धमा ।

यस गाउँपालिकाक्षेत्रमा सेवा प्रवाहका लागि आएका विभिन्न संघ संस्थाहरुसङ्ग गाउँपालिकाले समन्वात्मक रुपमा कार्य गर्ने निर्णय गरियो ।

८. भुकम्प गुनासो सम्बन्धमा ।

भुकम्प गुनासो सर्वेक्षण सम्बन्धमा छलफल गर्दा बकैया गाउँपालिका भौगोलिक रुपमा ठुलो तथा विकट भएको हुँदा यस गाउँपालिकामा उक्त कामका लागि खटिएका प्राविधिक कर्मचारी कमि भएको हुँदा अवश्यक कर्मचारी खटाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाईलाई अनुरोध गर्ने निर्णय गरियो ।

९. नापी सर्वेक्षक र अमिन सेवा करार प्रक्रिया रद्द गर्ने सम्बन्धमा :-

बकैया गाउँ कार्यपालिकाको मिति २०७५।१०।४ को बैठकबाट ऐलानी जग्गाको तथ्याङ्क संकलन कार्यको लागि ५ जना अमिन र १ जना नापी सर्वेक्षक गरी ६ जना सेवा करारमा लिने गरी निर्णय गरिएकोमा यस आ.व. मा नापी सर्वेक्षाण कार्यक्रम सम्पन्न हुन सक्ने अवस्था नरहेकोले नापी सर्वेक्षक र अमिन सेवा करार प्रक्रिया रद्द गर्ने निर्णय गरियो ।

दामोदर दनाल
अध्यक्ष

बकैया गाउँपालिका मकवानपुर